लेखापरीक्षण प्रतिवेदन

लोमन्थाङ गाउँपालिका, मुस्ताङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

लोमन्थाङ गाउँपालिका, मुस्ताङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/587

श्रीमान् अध्यक्ष ज्यू,
लोमन्थाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
लोमन्थाङ, मुस्ताङ ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/587

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यू,
लोमन्थाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
लोमन्थाङ, मुस्ताङ।

१. कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय व्यय तर्फ रु. ४९ करोड ४६ लाख ५४ हजारको लेखापरीक्षण गरिएकोमा रु. ४८ लाख ८२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ४७ लाख ८० हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रु. १६ हजार, नियमित गर्नुपर्ने रु. ८६ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु. ५२ हजार यस वर्षको बाँकी बेरुजु रु. १ लाख ५४ हजार (प्रतिक्रियाबाट थप रु. ५२ हजार समेत - लेखापरीक्षण अङ्कको ०.०३ प्रतिशत) रहेको छ। गत वर्षसम्म रु. १ करोड ४६ लाख ५४ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रू. ९ लाख ६७ हजारको सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बाँकी कुल बेरुजु रु. १ करोड ३८ लाख ४१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता राख्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण

सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४९	१२	४८,८२,०९८	१	१०	४७,७९,६४७	५१,९६९	४८	२	१,५४,४२०	१६,३३२	८६,११९	५१,९६९	०	०	१,३८,०८८	०

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मुस्ताङ	१,४६,५३,७९१	०	९,६७,२६१	१,३६,८६,५३०	०	१,५४,४२०	१,३८,४०,९५०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं.	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षणः				
१	२०८१/८२	२४.२	सामाजिक सुरक्षाः	१,४६,८१३
२	२०८१/८२	४२	म्याद नाघेको पेश्किको ब्याजः	१४,३६,१००
३	२०८१/८२	३३	विशिष्ठ व्यक्ति तथा प्रतिनिधी मण्डलको खर्च (२२६१३):	३,४२,७९२

४	२०८१/८२	५५	प्रोत्साहन तथा फिल्ड भत्ताः	२०,४९,३९५
५	२०८१/८२	२२.२	औषधि खरिदः	०
६	२०८१/८२	१९	घरभाडाः	४,५६,२३४
७	२०८१/८२	५२	कुक तालिम:	९०,०००
८	२०८१/८२	५१	अफिस व्यागः	२,५०,१५३
९	२०८१/८२	१६	अनुगमन भत्ता:	८,१६०
	जम्मा			**४७,७९,६४७**
गत विगत आर्थिक वर्षहरुको सम्परीक्षणः				
१०	२०८०/८१	-	लम्पी स्किन भ्याक्सिनः	३९,८२०
११	२०८०/८१	-	नाफामूलक संस्थालाई अनुदानः	५७,६१७
१२	२०८०/८१	-	छाकार्तान-किमुलुङ्ग सडकः	२,१९,२४६
१३	२०८०/८१	-	इन्फ्रारेड चुल्हो वितरणः	१,१७,६७०
१४	२०८०/८१	-	अस्पताल भवन निर्माणः	५,३२,९०८
जम्मा				**९,६७,२६१**
कुल जम्मा				**५७,४६,९०८**

लोमन्थाङ गाउँपालिका, मुस्ताङ

(८०४४१५०५३००)

लोमन्थाङ गाउँपालिका , मुस्ताङ

परिचय

१ **परिचय**

क) कार्यालय परिचय:- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ५ वडा, २३ सभा सदस्य रहेका छन् भने क्षेत्रफल ७२७ वर्ग किलोमिटर र जनसंख्या १ हजार ८ सय ९९ रहेको छ।

ख) लेखापरीक्षणको उद्देश्य:- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

ग) लेखापरीक्षणको क्षेत्र र अवधि:- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षण २०८२ भाद्र महिनामा सम्पन्न गरिएको छ।

घ) लेखापरीक्षण विधि:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरू सँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

ङ) लेखापरीक्षणको सीमा:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेस भएका लेखा एवं सो सँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

च) आर्थिक कारोबारको स्थिति:- यस वर्ष पालिकाको आय - व्यय तर्फ रु. ४९ करोड ४६ लाख ५४ हजारको लेखापारीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छन्।

ज) लेखापरीक्षणको क्रममा असुली:- लेखापरीक्षणको क्रममा आङ्जुक गुरुङलाई बढी भुक्तानी भएको सामाजिक सुरक्षा भत्ता बापतको रु. २०७६९.७१ भौचर नम्बर ८७३०३९४६ - ०८२।६।२२ बाट असुल भई [१५१११] बेरुजु खातामा दाखिला भएको प्रमाण पेस भएको छ।

२ **स्थानिय सञ्चित कोष**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ।

आय			व्यय		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		८४४३६२८८.००	**चालु खर्च**		**१०१३१४००६.८९**
१. संचित कोष	७३९३००१०.५१		१. पालिका तर्फ	५६३५३२७८.६५	
२. धरौटी	६४४६१३०.८७		२. संघीय सशर्त	४४९६०७२८.२४	
३. कार्यसञ्चालन कोष	४०६०१४६.६२		**पुँजीगत खर्च**		**९८७१३११९.७४**
यस वर्षको जम्मा आय		**२०८९८९२५०.६८**	१. पालिका तर्फ	७४९०४१८६.७४	
१. आन्तरिक आय	**१८७४८२२.१५**		२. संघीय समपुरक	१५००००००.००	
२. वित्तीय हस्तान्तरण (संघ)	**१८७७७३३१९.४६**		३. प्रदेश विशेष	४००००००.००	
क) समानीकरण अनुदान	६४७८२५६०.००		४. प्रदेश समपुरक	४८०८९३३.००	
ख) राजस्व बाँडफाँट	४०८८८७५९.४६		**अन्तर सरकारी अख्तियारी (संघ)**		**१४१४९३९४.७०**
ग) सशर्त अनुदान	६७१०२०००.००		क) सामाजिक सुरक्षा	१४१४९३९४.७०	
घ) समपुरक अनुदान	१५००००००.००		**धरौटी फिर्ता तथा सदर स्याहा**	३५८५२१३.३६	**३५८५२१३.३६**
३. वित्तीय हस्तान्तरण (प्रदेश)	**१९३४११०९.०७**		**कार्यसञ्चालन कोषको खर्च**	१०४८५९२८.००	**१०४८५९२८.००**
क) समानीकरण अनुदान	४६२२०००.००		**अनुदान फिर्ता**		
ख) राजस्व बाँडफाँट	४७१९१०९.०७		**१. संघ तर्फ**		**२२१४१२७१.७६**
ग) समपुरक अनुदान	६००००००.००		क) सशर्त अनुदान	२२१४१२७१.७६	
घ) विशेष अनुदान	४००००००.००		**२. प्रदेश तर्फ**		**१३४१०६७.००**
४. अन्तर सरकारी अख्तियारी (संघ)		**१४१४९३९४.७०**	क) सशर्त अनुदान	१५००००.००	
क) सामाजिक सुरक्षा	१४१४९३९४.७०		ख) समपुरक अनुदान	११९१०६७.००	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)		**१५००००.००**	**अन्तिम मौज्दात**		**७४०५१५६६.२२**
क) ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	१५००००.००		१. संचित कोषको मौज्दात	५९५५९७९५.८०	
६. धरौटी आय	५४३३२०७.२९	**५४३३२०७.२९**	२. धरौटी	८२९४१२४.८०	
७. कार्यसञ्चालन कोष आय	१२६२३४२७.००	**१२६२३४२७.००**	३. कार्यसञ्चालन कोष	६१९७६४५.६२	
जम्मा		३२५७८१५६७.६७	**जम्मा**		३२५७८१५६७.६७

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

पालिकाको आर्थिक कारोबारको एकीकृत विवरणबाट देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रम कार्यान्वयन सम्बन्धमा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्षको कुल खर्च रु. २० करोड २७ हजार मध्ये पुँजीगत खर्च रु. ९ करोड ८७ लाख १३ हजार भएको छ। पुँजीगत खर्च मध्ये प्रथम त्रैमासिकमा रु. १९ लाख ३९ हजार अर्थात् १.९६ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ७६ लाख ५८ हजार अर्थात् ७.७६ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ९६ लाख ५५ हजार अर्थात् ९.७८ प्रतिशत र चौथो त्रैमासिकमा रु. ७ करोड ९४ लाख ६१ हजार अर्थात् ८०.५० प्रतिशत खर्च गरेको देखिन्छ। असार महिनामा मात्र जम्मा पुँजीगत खर्चको ७३.२२ प्रतिशत अर्थात् रु. ७ करोड २२ लाख ७५ हजार

खर्च भएको छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने तथा तरलता व्यवस्थापनमा चाप नपर्ने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

क्र.सं.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				असार महिनाको खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	चालु खर्च	१०१३१४००६.८९	१८६७९००६.५	२१३९९६२३.२५	१६४६७६००.१८	४४७६७७७६.९६	२२४७९९०७.५७
२	पुँजीगत खर्च	९८७१३११९.७४	१९३९५२७.७५	७६५७६८१.१२	९६५५११२.६३	७९४६०७९८.२४	७२२७५११३.५४
जम्मा		२०००२७१२६.६३	२०६१८५३४.२५	२९०५७३०४.३७	२६१२२७१२.८१	१२४२२८५७५.२०	९४७५५०२१.११
पुँजीगत खर्च %		-	१.९६	७.७६	९.७८	८०.५०	७३.२२

४ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको छ।

क्र.सं.	क्षेत्र	बजेट	खर्च	कुल खर्चको तुलनामा खर्च %
१	आर्थिक विकास	२,३३,२१,०००.००	१,५४,३१,६०५.११	८
२	पूर्वाधार विकास	१०,४०,३३,४९४.१०	६,२७,७१,६९६.९९	३४
३	सामाजिक विकास	८,२३,५०,०००.००	५,७८,७४,३३५.७५	३२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,८५,६१,०००.००	१,०१,१६,१५४.९९	५
५	कार्यालय संचालन तथा प्रशासनिक	४,९८,३६,८२३.००	३,८८,३३,३३३.७९	२१
	जम्मा	-	१८५०२७१२६.६३	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी पूर्वाधार विकास मा ३४ र सबैभन्दा कम सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा ५ र दोस्रो कम आर्थिक विकास तर्फ ८ प्रतिशत खर्च भएको छ। पालिकाले कुल खर्च मध्ये कार्यालय संचालन तथा प्रशासनिक खर्च २१ प्रतिशत गरेको देखिँदा चालु खर्चमा यथासम्भव मितव्ययिता कायम गरी आर्थिक विकास तथा पूर्वाधार विकासमा थप लगानी बढाउनुपर्दछ।

५ सेवा प्रवाहको स्थिति :

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ।

विवरण	निवेदन दर्ता	सिफारिस संख्या
स्वीकृत घरनक्सा दर्ता पास	०	०
पञ्जीकरण तर्फ	०	०
जन्म दर्ता	४०	४०
मृत्यु दर्ता	१९	१९
बसाईंसराई दर्ता	४	४
विवाह दर्ता	१०९	१०९
सम्वन्ध विच्छेद दर्ता	६	६
पूर्वाधार विकास सडक निर्माण	०	०
कालोपत्रे सडक निर्माण	०	०
कालोपत्रे सडक मर्मत	०	०
ग्राभेल सडक निर्माण	०	०
ग्राभेल सडक मर्मत	०	०

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जीकरण बाहेकका अन्य सेवा सञ्चालनको विवरण लेखापरीक्षणको क्रममा पेस नभएकोले यस सम्बन्धमा विश्लेषण गर्न सकिएन। प्रत्येक शाखालाई जिम्मेवार बनाई पालिकाको कार्यक्रम कार्यान्वयन तथा सेवा प्रवाह सम्बन्धी अभिलेख अद्यावधिक राख्नुपर्दछ ।

६ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विकासका लागि आवधिक योजना तयार गरेको भएतापनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको पूर्ण र प्रभावकारी कार्यान्वयन गरी वार्षिक बजेटलाई आवधिक योजनाको लक्ष्य सँग तादात्म्यता कायम हुने गरी तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ ।

७ **आयोजनाको प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५२४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा पालिकास्तरका कुल ३७ आयोजनामा बजेट विनियोजन गरेको छ। ती आयोजनाहरु मध्ये ५ लाख मुनिका ८, २० लाख मुनिका २४ र २० लाख माथिका ५ आयोजनाहरुमा बजेट विनियोजन भएको देखिन्छ। यसरी पालिकाले साना र वितरणमुखी आयोजनाहरु सञ्चालन गर्दा सञ्चालित आयोजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्नसक्ने देखिन्छ। पालिकाले लागत प्रभावी तथा दिगो विकासको लाभ स्थानीय समुदायले प्राप्त गर्ने गरी वस्तुनिष्ठ तवरले आयोजना प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

आयोजना विवरण	रु. ५ लाख भन्दा कमका	रु. ५ लाख देखि २० लाख सम्मका	रु. २० लाख भन्दा बढीका	जम्मा
पालिका स्तरीय	८	२४	५	३७

८ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ। पालिकाले अन्तर सरकारी अख्तियारी हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु. १,४१,४९,३९४.७० को कारोबारको सुत्र प्रणाली मार्फत लेखाङ्कन गरेको छैन।

विवरण	निकासा	खर्च
अन्तर सरकारी अख्तियारी (संघ)		
क) सामाजिक सुरक्षा तथा संरक्षण	१४१४९३९४.७०	१४१४९३९४.७०
अन्तर सरकारी अख्तियारी (प्रदेश)		
क) ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	१५००००.००	०.००
जम्मा	**१४२९९३९४.७०**	**१४१४९३९४.७०**

(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)

९ **खर्च विश्लेषणः**

पालिकाले यस वर्ष कुल आन्तरिक आय रु. १८ लाख ७४ हजार ८२२.१५, राजस्व बाँडफाँट रु. ४ करोड ५६ लाख ७ हजार ८६८.५३ र संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान रु. १६ करोड १५ लाख ६ हजार ५६०.०४ समेत रु. २० करोड ८९ लाख ८९ हजार २५०.७२ आम्दानी प्राप्त गरेकोमा चालु तर्फ रु. १० करोड १३ लाख १४ हजार र पुँजीगत तर्फ रु. ९ करोड ८७ लाख १३ हजार समेत रु. २० करोड २७ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ९.३७ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुविधामा रु. ६२ लाख ६६ हजार ९८७ खर्च भएको छ, जुन

आन्तरिक आयको ३३४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रु. २० करोड ७१ लाख १४ हजार ४२८ रकमबाट पुँजीगत तर्फ ४७.६६ प्रतिशत मात्र खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। चालु प्रकृतिका प्रशासनिक खर्चलाई नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकतम रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१० **बजेट पेस, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले मिति २०८१।०३।१० गते रु. २७ करोड १२ लाख ७६ हजारको बजेट सभा समक्ष पेस गरेकोमा मिति २०८१।०३।१० मा पारित भई बजेट स्वीकृत भएको छ। यसै गरी पालिका अध्यक्षले मिति २०८१।०३।१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

११ **बजेट तथा कार्यक्रम तर्जुमाः**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा उल्लेख भएको ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१२ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिना भित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेतापनि तोकिए बमोजिमको प्रक्रिया कार्यान्वयन भएको छैन। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

१३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम प्रत्येक स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहाय बमोजिम रहेका छन्।

क.सं.	शिर्षक	आन्तरिक नियन्त्रण प्रणालीमा गर्नुपर्ने सुधारका क्षेत्रहरु
१.	कानुनी व्यवस्था	· स्थानीय कानूनहरु राजपत्रमा प्रकाशित गरी तर्जुमा भएका कानूनहरु पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ। · स्थानीय तह, प्रदेश सरकार र अन्नपूर्ण संरक्षण क्षेत्र बीच प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका विषयमा समन्वय भएको नदेखिँदा संविधान अनुसार आवश्यक समन्वय हुनुपर्दछ।
२.	वित्तीय विवरण र खर्च व्यवस्थापन	· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्दछ। · विद्युत महशुल भुक्तानी गर्दा मिटर रिडिङको प्रमाण संलग्न गर्नुपर्दछ।
३.	योजना तर्जुमा, बजेट र कार्यक्रम	· बजेट तर्जुमाका लागि तोकिएका समितिको भूमिका प्रभावकारी बनाउनु पर्दछ। · आयोजनाहरुको प्राथमिकीकरण वस्तुनिष्ठ तवरले हुनुपर्दछ। · साना आयोजनाहरु नियन्त्रण गरी दीर्घकालीन महत्वका आयोजनाहरुमा लगानी गर्नुपर्दछ। · आयोजना बैङ्कमा प्रविष्टी भए अनुसार आयोजनाहरु छनौट गर्नुपर्दछ। · उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्नुपर्दछ। · वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मि. सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतकाकार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा पालिकाले सोको कार्यान्वयन गरी अभिलेख राख्नुपर्दछ।
४.	खरिद व्यवस्थापन	· पालिकाबाट संचालन भएका विभिन्न आयोजनाहरु कार्यान्वयनगर्न गठन गरिएका उपभोक्ता समितिहरुसंस्था दर्ता ऐन, २०३४कोदफा ३ अनुसार दर्ता गर्नुपर्दछ। · स्वामित्व नभएको जग्गामा सामुदायिक भवनहरु निर्माण वा मर्मत सुधारमा खर्च गरेको देखिँदा सो कार्यमा नियन्त्रण हुनुपर्दछ।
५.	आन्तरिक स्रोत परिचालन	· आन्तरिक स्रोतको आँकलनलाई सही र यथार्थ बनाउनु पर्दछ। · आन्तरिक आय सङ्कलन पूर्ण रुपमा बैङ्क मार्फत गर्नुपर्दछ। नगद कारोबारलाई यथासंभव शुन्यमा झार्नुपर्दछ। ·राजस्व सङ्कलन सम्बन्धमा सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने नगरेको देखिएकोले त्यसमा सुधार हुनुपर्दछ। · प्राकृतिक स्रोतबाट रोयल्टी प्राप्त गर्न उचित समन्वय र सहकार्य गर्नुपर्दछ।
६.	अनुदान तथा सहयोग	· खर्चको आवश्यकता, उपलब्ध स्रोत र खर्च गर्नसक्ने क्षमताको विश्लेषण गर्नुपर्दछ। · अनुदान वितरणको मापदण्ड तयार गर्नुपर्दछ। ·वितरीत अनुदानको उपयोग, उपलब्धिको लेखाजोखा तथा अनुगमन गर्नुपर्दछ।
७.	लेखापरीक्षण र सम्परीक्षण	· आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतहरु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्दछ। · लेखा समितिलाई स्वतन्त्र र प्रभावकारी बनाउनु पर्दछ। · बेरुजुको अद्यावधिक लगत तयार गर्नुपर्दछ।
८.	प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन	· कानून नबनाई, आन्तरिक स्रोत मजबुत नभई प्रोत्साहन भत्ता लगायतका भत्ता भुक्तानीलाई कडाईका साथ नियन्त्रण गर्नुपर्दछ। · तलबी प्रतिवेदन तयार नगरी कर्मचारीको पारिश्रमिक खर्च लेख्नु हुँदैन। · पदाधिकारी तथा कर्मचारीहरुको आचारसंहिता पालनाको स्थिति मूल्यांकन गरी अभिलेख राख्नुपर्दछ। · कर्मचारीले कार्यविवरण बमोजिम काम गरे नगरेको अभिलेख राख्नुपर्दछ।
९.	चालु खर्च	· चालु प्रकृतिका खर्चमा भएको बढोत्तरीलाई कटौती गर्नुपर्दछ। · विविध खर्चको मापदण्ड तयार गरी मितव्ययिता कायम गर्नुपर्दछ।
१०.	सेवा प्रवाह	· जाडो महिनामा वैकल्पिक सेवाप्रवाह प्रभावकारी बनाउनु पर्दछ। · सेवाको गुणस्तर मापनको संयन्त्र निर्माण गर्नुपर्दछ। · सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ बमोजिम सूचना माग र प्रवाहको अभिलेख व्यबस्थापन गर्नुपर्दछ। · सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र बनाउनु पर्दछ। · जिम्मेवारी र जवाफदेहिता वहन गर्न जिम्मेवारी तोकी संयन्त्र निर्माण गर्नुपर्दछ।
११.	कोष	· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले

		गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोले सो बमोजिमको प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गर्नुपर्दछ।
१२.	फोहरमैला व्यवस्थापन	· पर्यटकीय तथा धार्मिक स्थलहरुको फोहरमैला वर्गीकरण, सङ्कलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यवस्थित रुपमा गर्नुपर्दछ।
१३.	जिन्सी तथा सम्पत्ति व्यवस्थापन	· ईन्धन लगायत सबै सम्पत्ति प्राप्ति र खर्चलाई PAMS माप्रविष्ट गर्नुपर्दछ। · जिन्सी निरीक्षण प्रतिबेदनको पूर्ण र प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

तसर्थ: माथि उल्लिखित बुँदा समेतलाई ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१४ **कर तथा शुल्क असुलीः**

१४.१ **करदाताको अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले आफ्नो क्षेत्रभित्र रहेका सम्भावित सबै व्यवसायी करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।

१४.२ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५८** मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष व्यवसाय कर बापत जम्मा रु. १०८२३०।०० मात्र संकलन गरेको छ। पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी व्यवसाय करको दायराभित्र ल्याउनु पर्दछ।

१४.३ **आान्तरिक आयको योगदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
११,०६,२५,२५३.९९	१८,७४,८२२.१५	१.६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६० प्रतिशत मात्र रहेको छ।

राजश्व चुहावटः स्थलगत लेखापरीक्षणको क्रममा पालिका स्थित पुरातात्विक र धार्मिक स्थलहरुको अवलोकन गर्दा छोसेर स्थित सिजा जोङ्ग गुफाको प्रवेश शुल्क नेपाली नागरिकलाई रु. १०० लिने गरेको देखियो। सो राजश्व छली भए नभएको यकिन गर्न २०८२।०५।१४ मा सिजा जोङ्ग गुफा प्रवेशको लागि रु. १०० को टिकट नम्बर ४३११ (टिकट जारी मिति नखुलाउने गरेको) टिकट काटी परिक्षण गरिएकोमा सो टिकटमा चेन्पा कोन्छोक्लिङ गुफा, लो निफु गुम्बा र लो गर्फु गुम्बाको प्रवेश शुल्क समेत पालिका सँग सम्झौता नगरी अनधिकृत रुपमा संकलन हुने गरेको देखियो। तर सो प्रवेश शुल्कको दैनिक, मासिक र वार्षिक हिसाब सहित पालिकामा आम्दानी बाँधेको देखिएन। यसरी प्रवेश शुल्क असूल भई रहेको तर सो रकम कस्ले के प्रयोजनमा उपयोग गर्छ भन्ने विषयमा पालिकाले अद्यावधिक अभिलेख राखेको पाइएन। तसर्थ यस किसिमको राजश्व प्राप्तिको लागि पालिकाले आय ठेक्का लगाई स्थानीय सञ्चित कोषमा रकम दाखिला गर्नुपर्दछ।

पुरातात्विक गुफा क्षेत्र तथा प्रवेश टिकट।

१५ **कार्य सञ्चालन कोषः**

पालिकामा निम्नानुसारका कार्य सञ्चालन कोषहरु रहेका छन्। यस किसिमको कोषहरुको सञ्चालन स्पष्ट कानुनी व्यवस्था बमोजिम गर्नुपर्दछ।

कोषको नाम	कोष गठन भएको कानुन	शुरु मौज्दात	यो वर्ष थप	यो वर्षको खर्च	बाँकी
कर्मचारी कल्याण कोष	कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८०	१०,००,०००.००	१०,००,०००.००	०.००	२०,००,०००.००
विपद व्यवस्थापन कोष	लोमन्थाङ गाउँपालिकाको विपद व्यवस्थापन कोष परिचालन कार्यविधि, २०७५	२७,५६,२१२.९७	२०,००,०००.००	१४,७२,०१८.००	३२,८४,१९४.९७
आकस्मिक कोष	लोमन्थाङ गाउँपालिकाको आकस्मिक कोष सञ्चालन कार्यविधि, २०८२	०.००	५,००,०००.००	०.००	५,००,०००.००
	जम्मा	**३७,५६,२१२.९७**	**३५,००,०००.००**	**१४,७२,०१८.००**	**५७,८४,१९४.९७**

१६ **अनुगमन भत्ताः-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१७ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराइएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले यस वर्ष देहायअनुसार कृषि र पशुमा रु. ३१ लाख ९ हजार ५०० अनुदान खर्च लेखेको छ। तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको समेत पाइएन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ।

क्र.सं.	अनुदान पाउनेको नाम र ठेगाना	अनुदान विवरण	सम्झौता रकम रु.	अनुदान बापत भुक्तानी रु.		
				गत वर्ष सम्मको	यस वर्षको	जम्मा भुक्तानी
१	ठेकार कृषक समूह वडा नं. ३	आलु पकेट	६१,२०,०००	१८,३०,०००	७,०९,०००	२५,३९,०००
२	किमलिङ कृषक समूह, वडा नं. ४	तोरी पकेट (पालिका)	३३,१६,०००	७,००,०००	६,५९,०००	१३,५९,०००
३	फुवा सम्देलिङ कृषक समूह, वडा नं. ४	फापर पकेट (पालिका)	१७,६०,०००	०	४,८५,०००	४,८५,०००
४	चुङजुङ याक तथा चौंरी पालन समूह, वडा नं. ४	याक प्रवर्द्धन कार्यक्रम	६,००,०००	०	५,९६,०००	५,९६,०००
५	व्यक्तिगत फर्म/समूह	च्याङ्ग्रा बोका वितरण	७,००,०००	०	६,६०,५००	६,६०,५००
	जम्मा		**१,२४,९६,०००**	**२५,३०,०००**	**३१,०९,५००**	**५६,३९,५००**

१८ **पदाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ६२ लाख ६६ हजार ९८७ पदाधिकारी सुविधा बापत भुक्तानी भएको छ। अध्यक्षको रु. ३७००८४।०० र उपाध्यक्षको रु. १८०९०३।०० समेत ईन्धन खर्चमा मात्र रु. ५,५०,९८७.०० खर्च भएकोले आन्तरिक आयलाई समेत ध्यान दिई यसमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

सि.नं.	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष ५ जना	का.पा. सदस्य ६ जना	सभा सदस्य १० जना	जम्मा २३ जना
१	बैठक भत्ता	१२०००	७०००	५७०००	८३०००	३१०००	१९००००
२	यातायात सुविधा	०	०	०	१०८०००	१८००००	२८८०००
३	पत्रपत्रिका इन्टरनेट सुविधा	६००००	४८०००	२१००००	२१६०००	२४००००	७७४०००
४	सञ्चार सुविधा	६००००	४८०००	२१००००	२१६०००	२४००००	७७४०००
५	अतिथि सत्कार	१२००००	८४०००	३६००००	२८८०००	३०००००	११५२०००
६	अनुगमन सुविधा	१०८०००	१२००००	३६००००	३९६०००	३६००००	१३४४०००
७	समन्वय र सहजीकरण सुविधा	८४०००	७२०००	१५००००	१८००००	१२००००	६०६०००
८	ईन्धन सुविधा	३७००८४	१८०९०३	-	-	-	५५०९८७
९	चाडपर्व खर्च	२५०००	२५०००	१०००००	१०८०००	१५००००	४०८०००
१०	बीमा सुविधा	-	१००००	५००००	५००००	७००००	१८००००
	जम्मा	**८३९०८४**	**५९४९०३**	**१४९७०००**	**१६४५०००**	**१६९१०००**	**६२६६९८७**

१९ **घरभाडाः**

१९.१ ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३५९,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

१९.२ ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४३,१३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

१९.३ ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **५४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

२० **व्यवसायिक कारोबारको रकम व्यक्तिगत खातामा जम्माः**

आयकर ऐन, २०५८ को दफा ८१(क) बमोजिम व्यवसायिक कारोबारको रकम व्यक्तिगत खातामा जम्मा गर्न नपाउने व्यवस्था छ। कार्यालयले निम्नानुसारको भुक्तानीमा आपूर्तिकर्ताको बीजक संलग्न गरी प्रोपराईटरको व्यक्तिगत खातामा रकम जम्मा गरेको देखियो। यसबाट आयकर तथा मूल्य अभिवृद्धिकर छली गर्न सहयोग पुग्ने अवस्था रहेको देखिँदा कानुन विपरीत व्यक्तिगत बैंक खातामा भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

क्र.सं.	भौचर नम्बर	आपूर्तक	भुक्तानी पाउने	रकम रु.
१	३९५-०८२।०२।०८	रोयल मुस्ताङ किराना पसल	पासाङ गुरुङ	३३३०७७
२	६३९-०८२।०३।२३	रोयल मुस्ताङ किराना पसल	पासाङ गुरुङ	२२४६९८

२१ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

२२ **औषधि खरिदः**

२२.१ **औषधि खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १क बमोजिम पच्चिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले पटक पटक गरेर औषधि खरिदमा रु. २५ लाख ५२ हजार खर्च गरेको छ। खरिद कार्य प्रतिस्पर्धा बेगर सोझै भएको र सोझै खरिद गर्दा उत्पादक कम्पनीबाट कारखाना मूल्यमा खरिद नभई खुद्रा बिक्रेताबाट खरिद भएकोले खरिद कार्य मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२२.२ **औषधि खरिदको समयः**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

२३ **पशु सेवा तर्फ उपकरण तथा औषधि खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा परी खरिद गर्न नहुने व्यवस्था छ। कार्यालयले निम्नानुसार पशु सेव तर्फको उपकरण तथा औषधि खरिदलाई प्रतस्पर्धा नगरी दुई टुक्रा बनाई खरिद गरी वितरण गरेको छ। खरिद गरिएको मध्ये १२२ गोटा ट्रेचिङगन विथ ब्यारेल प्रति गोटा रु. ४९०४।२० को दरले रु. ५ लाख ९८ हजार ३१२ मा खरिद भएको देखिन्छ। ट्रेचिङ गन सञ्चालनको तालिम, वितरणको आधार, लागत अनुमानको आधार विश्वसनीय र पारदर्शी हुने अभिलेख लेखापरीक्षणको क्रममा पेस नभएकोले खरिद र वितरण कार्य पारदर्शी र मितव्ययी भएको सम्बन्धमा विश्वस्त हुन सकिएन। खरिद तथा वितरण कार्यलाई पारदर्शी र मितव्ययी बनाउनुपर्दछ।

भौचर नम्बर	आपूर्तकको नाम	खरिदको विवरण	रकम
३३५-०८२।०१।०३	भूमे भेट फर्मा (६०४२१६४९६)	पशुजन्य औषधि	८८१७३८
३९९-०८२।०२।०८	जिके ट्रेडर्स एण्ड साईन्टीफिक सप्लायर्स (६२११४३५२२) प्रा.लि.	पशुजन्य औषधि तथा उपकरण	९४४५१२
	जम्मा		१८२६२५०

२४ **सामाजिक सुरक्षा तर्फः**

२४.१ **सामाजिक सुरक्षा भत्ता वितरणः** यस पालिकामा सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१।८२ मा वडा गत रुपमा लक्षित लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण भएको छ। जस अन्तर्गत त्रैमासिकमा रुपमा निम्नानुसार ३२९ जना लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता बापत रु. १४१४९६४५.७७ वितरण गरिएको छ। पालिकाले सामाजिक सुरक्षा भत्ता रकम सिधैं लाभग्राहीको खातामा विद्युतीय माध्यमबाट EFT गरी भुक्तानी दिएको छ। लाभग्राहीहरुको घटना दर्तालाई नियमित रुपमा अद्यावधिक गरी सही र यथार्थ खर्च लेखाङ्कन गर्नुपर्दछ।

क्र.सं.	प्रकृति	वडा नं. १	वडा नं. २	वडा नं. ३	वडा नं. ४	वडा नं. ५	जम्मा
१	जेष्ठ नागरिक	२०	३९	३६	५६	८२	२३३
२	जेष्ठ नागरिक एकल महिला	४	८	४	४	४	२४
३	विधवा	१२	९	९	१०	१०	५०
४	अपाङ्ग “क”	०	२	२	०	४	८
५	अपाङ्ग “ख”	२	३	२	५	२	१४
जम्मा							**३२९**

२४.२ **खाता निष्क्रियः**

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१४६,८१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२५ **शिक्षक दरबन्दी र पदपूर्तिः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। पालिका अन्तर्गत आधारभूत विद्यालयहरु २ र माध्यमिक विद्यालय १ समेत ३ वटा विद्यालय सञ्चालनमा रहेकामा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ। धेरै विद्यार्थी रहेको दिव्यदीप माध्यामिक विद्यालयमा १५ जना शिक्षक रहेकोमा जम्मा ६५ जना विद्यार्थी

अर्थात १:४ को शिक्षक विद्यार्थी अनुपात रहेको छ। सबैभन्दा कम विद्यार्थी २२ जना रहेको राष्ट्रिय आधारभुत विद्यालयमा ९ जना शिक्षक रहेकोले शिक्षक विद्यार्थी अनुपात १:२.४४ रहेको देखिन्छ। तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पठनपाठनलाई व्यवस्थित गर्नुपर्दछ ।

सि.नं.	विद्यालयको नाम	वडा	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	दिव्यदिप मा.वि.	२	१५	१५	६	६५	१:४
२	राष्ट्रिय आ.वि.	५	९	८	१	२२	१:२.४४
३	छोन्हुप आ.वि.	३	५	५	१	४३	१:३.७७
	जम्मा		**२९**	**२८**	**८**	**१३०**	**१:४.६५**

२६ **विद्यालयगत निकासा रजिस्टरः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले तोकिएको ढाँचामा विद्यालयगत माग र निकासा खुल्ने विवरण तयार गरी राख्नुपर्नेमा सो बमोजिम राखेको पाइएन। यसबाट पालिकाले विद्यालयहरुलाई निकासा दिएको रकम विद्यालयले माग गरे बमोजिम भए नभएको र विद्यालयको माग सही भए नभएको सम्बन्धमा परीक्षण गरी यकिन हुन सकिएन। यसर्थ विद्यालयगत रजिस्टर नहुँदा विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको रकम बीच तुलना गरी भिडान गर्न कठीन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर् खाता अद्यावधिक गरी राख्नुपर्दछ।

२७ **दिवा खाजाः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१ को क्रियाकलाप नं. २७१११मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यायलयलाई अनुदान सम्बन्धी व्यवस्था रहेको छ। स्थानीय तहले दिवा खाजा बापत प्रति विद्यार्थी दैनिक रु. १५ का दरले बढीमा १८० दिनको लागि दिवा खाजा बापत विद्यालयलाई निकासा गर्ने, उक्त दिवा खाजा व्यवस्थापनका लागि दिवा खाजाको मेनु तयारी बनाउने एवं खाजाको गुणस्तर सम्बन्धमा स्थानीय तहले अनुगमन गर्नुपर्ने व्यवस्था छ। साथै दोस्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराइएका विद्यालयको प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात् मात्र थप अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिका अन्तर्गतका ३ वटा विद्यालयलाई दिवा खाजा बापत रु. ४ लाख ३० हजार १६० निकासा भएको छ। आवासीय विद्यालयका सन्दर्भमा दिवा खाजा दिने वा नदिने सम्बन्धमा निर्देशिकाले कुनै उल्लेख गरेको छैन। निर्देशिकाले तोके बमोजिम हरेक त्रैमासिकमा निकासा दिने, दिवा खाजाको मेनु तयार एवं यसको गुणस्तर सम्बन्धमा अनुगमन गरेको पाइएन। जसले गर्दा कुन गुणस्तरका खाजा खुवाएको हो सो विषयमा एकिन हुन सकिएन। अतः पालिका भित्रका विद्यालयमा संचालित दिवा खाजा कार्यक्रम प्रभावकारी भए/ नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

दिवा खाजा बापतको अनुदान रकम निकासा आ.व. २०८१/०८२					
क्र.सं.	विद्यालयको नाम	पहिलो	दोस्रो	तेस्रो	जम्मा
१	श्री दिव्यदिप मा.वि.	१७,१००	२७,०००	८८,११४	१,३२,२१४
२	श्री छोन्हप आ.वि.	८३,७००	५९,४००	७८,४५५	२,२१,५५५
३	श्री राष्ट्रिय आ.वि.	३६,४५०	०	३९,९४१	७६,३९१
	जम्मा	१,३७,२५०	८६,४००	२,०६,५१०	४३०१६०

२८ **घुम्ती विद्यालयको शिक्षकलाई स्थानीय भत्ताः**

शिक्षा विभागको प.सं.नं. १६।०६७।६८ मिति २०६७।०९।२० को पत्र अनुसार कुनै शिक्षकले स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मात्र त्यस्तो सुविधा पाउने तर पदस्थापना/पदाधिकार स्थानीय भत्ता पाउने स्थानमा भए तापनि काजमा वा अन्य तवरले कुनै भत्ता नपाउने वा कम पाउने स्थानमा बसी काम गरेमा निजले सो अवधि भर स्थानीय भत्ता नपाउने व्यवस्था रहेको छ। शिक्षा नियमावली, २०५७ परिच्छेद ३३ को दफा १८६ मा विकट हिमाली क्षेत्रमा मौसम वा अन्य यस्तै कारणले कुनै विद्यालय संचालन हुन नसक्ने भनी विद्यालय व्यवस्थापन समितिले अनुरोध गरेमा निश्चित अवधिका

लागि कुनै पायक पर्ने ठाउँमा घुम्ती विद्यालय संचालन गर्न अनुमति लिई घुम्ती विद्यालय संचालन गर्न सकिने व्यवस्थानुसार पालिकाले २०८१।०७।२१ देखि २०८१।११।१० सम्म पोखरामा संचालनका लागि अनुमति दिएको देखियो। पालिकामा संचालित निम्न ३ वटा सामुदायिक विद्यालयहरुले स्थानीय भत्ता पाउने जिल्ला बाहिर पोखरा गई घुम्ती विद्यालय व्यवस्थापन र संचालन भएको अवस्थामा सो अवधिको स्थानीय भत्ता बापत रु. ९२८६६६।०० भुक्तानी भएको छ। सोको सम्बन्धमा सपष्ट कानुनी व्यवस्था गरेर मात्र भुक्तानी हुनुपर्दछ।

क.सं.	विद्यालयको नाम	विद्यार्थी संख्या	रकम
१	छोनहप जीङगु आ.वि.	६	१६४०८४
२	दिव्यदीप मा.वि.	१४	५२२५६२
३	राष्ट्रिय आ.वि.	७	२४२०२०
	जम्मा	२७	९२८६६६

२९ **घुम्ती विद्यालयको लागि विद्युतीय उपकरण खरिदः**

खप्ने जिन्सी मालसामान म.ले.प.फा.नं. ४०३ मा उल्लेख भए बमोजिम विवरण खुलाई दाखिला प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ३०-०८१।१।२१ बाट श्री दिव्यदीप मा.वि. लोमन्थाङ (घुम्ती विद्यालय पोखरा)लाई ईलाइट इन्फोसिस पोखराको **बिल नं ४७८ मिति २०८१।१२।१२** को बिल अनुसार डेस्कटप कम्प्युटर, ल्यापटप, टेलिभिजन लगायतका ५ प्रकारका १४ थान विद्युतीय सामग्रीहरु खरिद बापत रु. ९,५६,०००.०० भुक्तानी दिएको छ। विद्यालयले दाखिला नं. १ मिति २०८१।१२।१० मा दाखिला गरेको यी उपकरणहरु शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारी उपयोग गरी विद्यार्थीहरुको सिकाई उपलब्धिमा गुणात्मक सुधार आउने सुनिश्चित गर्नुपर्दछ।

३० **स्यानिटरी प्याड खरिद तथा उपयोगः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले रु. ८८.४९ का दरले ४०० प्याकेट स्यानिटरी प्याड खरिद बापत गो.भौ.नं. १९२-०८१।१०।०१ बाट रु. ३९९९७.०० (मु.अ.कर समेत) भुक्तानी गरेकोमा खरिद गरिएका सेनिटरी प्याड दिव्यदीप माध्यामिक विद्यालयलाई हस्तान्तण गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा आर्थिक वर्षको तेस्रो त्रैमासिकमा खरिद गरी विद्यालयलाई वितरण गरेको छ। लक्षित विद्यार्थीले आवश्यकता अनुसार सेनिटरी प्याड उपयोग गर्न पाएको सम्बन्धमा सुनिश्चितता हुनुपर्दछ।

३१ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तर्जुमा भएको छ। यस वर्ष पालिकामा सूचीकृत ५२ जना बेरोजगार श्रमिक मध्ये ५ वटै वडाका २४ जनालाई औषत ८९ दिन रोजगारी उपलब्ध गराई रु. १७,२०,५८६.२६ खर्च भएको छ। पालिकाका नियमित आयोजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना छनौट गर्दा आयोजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। दोहोरो नहुने गरी आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना हुने ज्ञान तथा सीप विकास भएको देखिँदैन। तसर्थः कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तबरले पूर्ण रोजगारीको स्थिति हासिल गर्ने दिशामा कार्य सञ्चालन गर्नुपर्दछ।

वडा नं.	**कार्यक्रम/ आयोजना**	**रोजगार संख्या**	**कुल खर्च रकम**
१	कुलो मर्मत	६	४५१६३२
२ र ४	कुलो मर्मत र गोठ निर्माण	७	५१६९०४
३	कुलो मर्मत र तारवार घेराबार	५	३३६००८
५	कुलो मर्मत र गोठ निर्माण	६	४१६०४२.२६
	जम्मा	**२४**	**१७,२०,५८६.२६**

३२ **मेशिनरी औजार तथा फर्निचर फिक्चर्सः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा परी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १९(५) बमोजिम पुराना फर्निचर तथा मेशिनरी औजार प्रचलित कानून बमोजिम लिलाम बिक्री नगरेसम्म नयाँ खरिद गर्न नपाइने व्यवस्था छ। सो विपरीत पालिकाले यस वर्ष मेशिनरी तथा औजार खरिदमा रु. ३६ लाख ४१ हजार र फर्निचर तथा फिक्चर्स खरिदमा रु. १४ लाख ०३ हजार समेत रु. ५० लाख ४४ हजार खर्च गरेको छ। आवश्यकता अनुसार सामग्रीहरु खरिद गर्दा प्रचलित कानुनी व्यवस्थाको पालना गर्दै मितव्ययी तवरले खरिद गर्नुपर्दछ।

३३ **विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको खर्च (२२६१३):**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३४२,७९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

३४ **लोवो निफुग नाम्डोल नोर्बुलिङ गुम्बा तथा विद्यालय भवन निर्माणः**

[२-०८१।१२।१३] - लोवो निफुग नाम्डोल नोर्बुलिङ गुम्बा तथा विद्यालय भवन निर्माणको लागि शान्त निर्माण सेवा (३०२९४०३५८) सँग रु. ४ करोड ७२ लाख ७० हजार ३९२ मा सम्झौता गरी दोस्रो बिलसम्मको रु. २ करोड ०४ लाख ३८ हजार भुक्तानी भएको छ। सम्झौता बमोजिम २०८२।०५।२४ मा कार्य सम्पन्न गरी सक्नुपर्नेमा स्थलगत अवलोकन गर्दा भौतिक प्रगति सो बमोजिम नभएको र माईलस्टोन अनुसार कार्यसम्पन्न नभएको देखियो। निर्माण व्यवसायीले समेत सो अवधिमा काम नसक्ने स्वीकार गरी २०८२।०५।०२ मा म्याद थपको लागि निवेदन दिईसकेको छ। निर्माण व्यवसायीले माईलस्टोन अनुसार काम नगरेको देखिँदा म्याद थप सम्बन्धमा निर्णय गर्नु अघि सम्झौताका शर्त बमोजिम निर्माण व्यवसायीलाई जिम्मेवार बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३५ **नेचुङ चक्रपथः**

स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज तथा सम्झौतामा उल्लेख भएको स्पेसिफिकेसन बमोजिमका निर्माण सामग्रीहरुको प्रयोग गर्नुपर्दछ। नेचुङ चक्रपथ निर्माणको लागि रुपाल आरके शान्त जेभी (६२१५६४०२८) सँग सम्झौता भएको छ। स्पेसिफिकेसन बमोजिम मेसिनरी संरचनामा प्रयोग गरिने ढुंगा टिकाउ र कोणीय आकारका हुनुपर्दछ। यदि ठूला गोलो ढुंगा प्रयोग गरिने भए तिनीहरूलाई कोणीय टुक्रा पारेर प्रयोग गर्नुपर्छ। ढुंगा कडा, मजबुत र फलामको धर्सा, दाग, बालुवाका प्वाल, कमजोरी, चिरा वा अन्य दोषबाट मुक्त हुनुपर्छ। ढुंगाले पानी पाँच प्रतिशतभन्दा बढी सोस्न नहुने र यसको विशेष गुरुत्व २.५० भन्दा कम हुनु नहुने प्रावधान छ। सम्झौतामा अन्यथा भनिएको नभए कुनै ढुंगाको लम्बाइ यसको उचाइको तीन गुणाभन्दा बढी नहुने तथा ओछ्यानमा पर्ने चौडाइ १५० मिलिमिटर भन्दा कम वा पर्खालको मोटाइको तीन चौथाइभन्दा बढी नहुने व्यवस्था छ। साथै चिप्स वा साना टुक्रा प्रयोग गर्ने बाहेक कम्तिमा ८५ प्रतिशत ढुंगाको आयतन ०.०१ घनमिटर भन्दा बढी हुनुपर्दछ। सुख्खा मेसिनरीमा चिप्स वा स्पाल्स सहितको आयतन कुल ढुंगा मेसिनरीको २० प्रतिशतभन्दा बढी हुनु हुँदैन। मोर्टार प्रयोग गरिने मेसिनरीमा मोर्टार र चिप्स/ स्पाल्सको संयुक्त आयतन ३० प्रतिशतभन्दा बढी हुनु हुँदैन। प्रयोग गर्न लागिएका ढुंगाका नमूनाहरू प्राविधिकलाई अनुमोदनका लागि बुझाउनुपर्दछ। ढुंगाको प्रकार वा बलमा परिवर्तन भएमा नयाँ प्रतिनिधि नमूना पुनः बुझाउनुपर्ने व्यवस्था छ। पालिकाले सो विपरीत निर्माण स्थल वरिपरिका नदीजन्य ढुंगाहरु प्रयोग गरेको देखिएकोले स्पेसिफिकेसन बमोजिमको मापदण्ड पूरा गरेको नदेखिएकोले प्राविधिक परीक्षण तथा अनुगमन सहित स्पेसिफिकेसन बमोजिम निर्माण कार्य भएको सुनिश्चित गर्नुपर्दछ।

आईटम	हालसम्मको खर्च
४.७ रेन्डम रबल मेसिनरी	८०७०७७
४.३ हेन्डप्याक स्टोन	४९५०२४९
जम्मा	५७५७३२६

निर्माणाधीन नेचुङ चक्रपथ र त्यसमा प्रयोग भएका निर्माण सामग्री।

३६ **गाउँपालिका भवनः**

[१५८-०८२।०३।२५] - स्ट्रक्चरल डिजाईन एण्ड सर्भिस प्रा.लि. (६०१०००३९७) ले गाउँपालिका भवनको डिपीआर तयार गरी कुल निर्माण लागत रु. ६ करोड ०९ लाख ३३ हजार कायम गरेको छ। हाल सम्म सो भवन निर्माणको श्रोत सुनिश्चितता भएको छैन। जग्गा प्राप्ति र श्रोत सुनिश्चितता गरेर मात्र ठेक्का लगाउनु पर्दछ।

३७ **सामुदायिक भवनः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपभोक्ता समितिहरु सँग सम्झौता गरी कार्यान्वयन गरेका निम्न आयोजनाहरुको बिल भरपाई परीक्षण गर्दा समितिले काममा लगाएका श्रमिकहरुको ज्याला भुक्तानी खर्चमा श्रमिकको पहिचान खुल्ने प्रमाण संलग्न नभएको र बाबुको नाम तथा नागरिकता नम्बर समेत उल्लेख नभएकोले पेस भएको ज्याला खर्चको भरपाई सही र यथार्थ रहेको सम्बन्धमा विश्वस्त हुन सकिएन। साथै समुह तथा सामुदायिक भवनको नाममा भएका खर्चहरुको विश्वसनियताको लागि सम्बन्धित समूहको स्वामित्वमा घर तथा जग्गाको लालपुर्जा माग गर्दा पेस नभएकोले खर्च रकम सामुहिक हितमा प्रयोग भएको छ भनि सुनिश्चत गर्न सकिएन। समुदायिक भवनको निर्माण तथा मर्मतमा खर्च गर्नु अघि त्यस्ता संरचनाको स्वामित्व सम्बन्धमा सपष्ट व्यवस्था हुनुपर्दछ।

क्र.सं.	भौचर नम्बर	आयोजना	कुल खर्च	श्रमिक खर्च
१	१३८-०८२।०३।२३	लोमान्थाङ आमा समूह भवन	५०००००	३३०३४६
२	१२०-०८२।०३।२३	फुवा समाज घर निर्माण	८०००००	५९२४००
३	१२२-०८२।०३।२२	न्याडो समाज घर	४५९०१४	४५९०१४
४	१२४-०८२।०३।२२	फुवा समाज घर शौचालय	४४१५४२	२७९२३२
५	१११-०८२।०३।२१	चुमजुङ समाज घर स्टोर निर्माण	४०२२६०	४०२२६०
६	११३-०८२।०३।२१	न्यानोल समाज घर	९३४१५०	९३४१५०
७	११५-०८२।०३।२१	जन सेवा महिला समूह	४७९८०८	४७९८०८
		जम्मा	४०१६७७४	३४७७२१०

३८ **ईन्धन तथा मर्मत खर्चः**

यस वर्ष पालिकाले पदाधिकारी ईन्धनमा रु. ६ लाख ९५ हजार, ईन्धन कार्यालय प्रयोजनमा रु. १४ लाख ८७ हजार तथा सवारी साधन मर्मतमा रु. १४ लाख ८७ हजार समेत ईन्धन तथा मर्मत सम्भारमा कुल रु. ३६ लाख ६९ हजार खर्च गरेको

छ। बोलेरो जिपको खरिद मूल्य भन्दा बढी हुने गरी यस पालिकाले ईन्धन र मर्मतमा नै खर्च गरेकोले खर्च मितव्ययी देखिएन। आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाई सवारी साधन सञ्चालन खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

३९ ईलेक्ट्रिक चुलो वितरणः

[१२०औ०८२।0३।२२] - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(११) बमोजिम सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोबार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानि नोक्सानी वा लापरबाही हुन नपाउने गरी उचित प्रबन्ध मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष रारा टेक्नोलोजी प्रा.लि. (६०९६१५२४९) बाट सिजी ईलेक्ट्रोनिक्सबाट उत्पादित ईन्फ्रारेड चुलो २६२ थान खरिद गरी रु. ९ लाख ८२ हजार भुक्तानी गरेको छ। खरिद कार्यको अभिलेख परीक्षण गर्दा स्वीकृत नर्म्स पेस नभएको, लाभग्राहीको छनौट पारदर्शी नदेखिएको अवस्था देखिँदा यसमा सुधार हुनुपर्दछ।

४० लागत अनुमानको स्वीकृतिः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४(१क) बमोजिम पाँच करोड रुपैयाँ सम्मको निर्माण कार्यको लागत अनुमान राजपत्रांकित तृतिय श्रेणिको कार्यालय प्रमुखबाट स्वीकृत हुने व्यवस्था छ। सो विपरीत पालिकाले स्थानीय सेवाको सातौं तहको अधिकृत श्री विकास के.सी.बाट लागत अनुमान स्वीकृत गरी निम्न निर्माण कार्य गरेको देखियो। नियम विपरीत लागत अनुमान स्वीकृत गर्ने तथा कानुनी व्यवस्था विपरीत हुने गरी राजपत्रांकित तृतिय श्रेणी भन्दा भिन्न कर्मचारीलाई आर्थिक अधिकार प्रदान गर्ने पदाधिकारीलाई सो खर्च रकमको सम्बन्धमा जिम्मेवार बनाईनु पर्दछ।

क्र.सं.	भौचर नम्बर	आयोजनाको नाम	खर्च रकम
१	८-०८२।०३।२५	किमलिङ गाउँ खानेपानी आयोजना	३८९३२१५
२	-	७ वटा हटरुम निर्माण	४११२०७७
३	१६०-०८२।०३।२५	स्याउबारी लगायतको तारबार	५२९८१७१
४	१३६-०८२।०३।२३	नामासुङ माने थुक्चेन भवन निर्माण	३९३२५८
५	१५१-०८२।०३।२४	५ नम्बर वडा कार्यालय कम्पाउण्ड वाल	९६४६३३
६	१०७-०८२।०३।२०	मार्चा म्हानी ल्वाङ्बाङ	७४४०००
७	१०९-०८२।०३।२०	स्ट्रिट लाईट जडान	९८०००१
८	११७-०८२।०३।२१	सिजुल कृषि तथा तार बन्धन	५५६५४५
९	९१-०८२।०३।१९	लोमान्थाङ यूवा क्लब	४९१४४०
१०	९३-०८२।०३।१९	ठुगु सामुदायिक टनेल	७४६००६
११	९४-०८२।०३।१९	सामुदायिक भवनमा स्टोर तथा गोरेटो बाटो	१३५३४००
१२	१००-०८२।०३।२०	वडा नम्बर ३ कम्पाउण्ड वाल	८२०१३३
१३	१०३-०८२।०३।२०	कोन्छालिङ यूवा क्लब	१४०६५८६
१४	१०५-०८२।०३।२०	फोन्देलिङ गुरुपार्क	९६०४९०
		जम्मा	२२७१९९५५

४१ परामर्श सेवा खरिदः

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा २२ बमोजिम विद्यमान जनशक्तिबाट सम्पादन नहुने जटिल प्रकृतिको प्राबिधिक र उच्च व्यावसायिक ज्ञान सिप आवश्यक पर्ने कार्यबाहेक बाह्य परामर्श सेवा प्रदायकबाट काम गर्न वा गराउन नपाइने व्यवस्था छ। पालिकाले सो विपरीत यस वर्ष पालिकाले निम्नानुसारको परामर्श सेवा खरिदमा रु. ३७ लाख ९३ हजार ८५६ खर्च गरेको छ। परामर्श सेवाको लागत अनुमान तयार गर्दा कानुनी आधार र

स्वीकृत नर्म्स बमोजिम भएको देखिएन। सेवा खरिदका अलग अलग प्याकेज बनाई सीमित प्रतिस्पर्धाको आधारमा मितव्ययिता कायम नगरी खरिद भएको छ। सम्भव भए सम्म पालिकामा मौजुदा जनशक्तिबाट नै कार्य सम्पदान गरी परामर्श सेवा खरिदमा हुने खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

क्र.सं.	विषय	रकम
१	प्रशासकीय भवनको स्ट्रक्चरल डिजाईन	९७१०७२
२	मध्यकालीन खर्च संरचना	३९६७८९
३	आवधिक योजना	९९४८५०
४	सडक गुरुयोजना	४९८३३०
५	भूउपयोग योजना	९३२८१५
	जम्मा	३७९३८५६

४२ **म्याद नाघेको पेस्कीको व्याजः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,४३६,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ **मसलन्द तथा कार्यालय सामग्रीः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सो विपरीत पालिकाले खरिद योजना र प्रतिस्पर्धा बेगर टुक्रा टुक्रा गरी मसलन्द तथा कार्यालय सामग्री खरिदमा यस वर्ष रु. १३३२४४५।०० खर्च गरेको छ। अधिकतम प्रतिस्पर्धा हुने गरी मितव्ययी तवरले खरिद गर्नुपर्दछ।

४४ **लागत अनुमानः**

[३३३-०८२।०१।०३] - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले रु. १ लाख भन्दा बढीको सामान खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने र तयार गरिएको लागत अनुमान अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ५क बमोजिम मालसामान खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेसन, योजना, विशेष आवस्यकता वा अन्य विवरण तयार गरी गराई नियम १४ बमोजिम स्वीकृत गराउनु पर्ने व्यवस्था छ। उन्नति एग्रो सिड्स सप्लायर्स (६०८२४६६२२) बाट रु. ५८०३६२ को बीउबिजन खरिद भएको लागत अनुमानको आधार कानुन सम्मत र विश्वसनिय देखिएन। यसबाट खरिद मूल्य सही र यथार्थ नभई प्रतिस्पर्धा सीमित गरी खरिद भएको देखियो। साथै खरिद गरी कृषकलाई वितरण गरिएको बीउबिजनबाट कृषि उत्पादकत्वमा वृद्धि भई सम्बन्धित कृषकहरुको आय आर्जनमा वृद्धि भएको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन हुनुपर्दछ।

४५ **एस्क्याभेटर ईन्धनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(११) बमोजिम सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोबार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानी नोक्सानी वा लापरबाही हुन नपाउने गरी उचित प्रबन्ध मिलाउनु पर्ने व्यवस्था छ। लान्द्रुक पेट्रोलियम प्रा.लि. (३०००१४४६४) पोखरा बाट एस्क्याभेटर सञ्चालनको लागि ५५०० लिटर डिजल खरिद बापत रु. ८५३८७५।०० खर्च भएको छ। स्वीकृत नर्म्सको आधारमा खर्च भए नभएको यकिन गर्न ईन्जिनियरद्धारा चेनेज वाईज नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन सहितको अभिलेख नराखी बीजकको आधारमा मात्र खर्च भएको देखियो। निर्माण तथा आकस्मिक कार्यमा भएको ईन्धन खपत स्वीकृत मापदण्ड बमोजिम गरी कार्यक्रम वाईज अभिलेख राख्नुपर्दछ।

४६ **चुमजुङ पुल निर्माणः**

[१२६-०८२।०३।२२] - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समूहबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरियता, वा दिगोपना अभिवृद्धि हुने भएमा त्यस्तो कार्य गराउन सकिने व्यवस्था छ। सो विपरीत पालिकाले जटिल प्राबिधिक सीप चाहिने स्टिल स्टक्चरको चुमजुङ पुल निर्माण कार्य उपभोक्ता समितिबाट गराई रु. १२ लाख १६ हजार ५३२ भुक्तानी गरेको छ। पुल निर्माणको योग्यता, सीप र अनुभव नै नभएको समितिलाई जिम्मेवारी दिएकोले निर्माण हुना साथ सो पुल खोलाले बगाई अस्तित्व नै निमिट्यान्न पारेको देखियो। तसर्थ पुल निर्माणको सम्झौता र कार्यान्वयनका सम्बन्धमा भएका त्रुटीहरुको सम्बन्धमा सम्बन्धित पदाधिकारीहरुले जिम्मेवारीका साथ समीक्षा गर्नुपर्दछ। साथै निर्माण कार्यको क्रममा समितिले नियमित सञ्चालनमा रहेको पुरानो काठे पुल तथा ग्याबिन जालीहरु समेत डिसमेन्टल गरेकोले सो समेत मूल्यांकन गर्नुपर्दछ।

४७ **उपभोक्ता समितिलाई बढी भुक्तानी:**

[८५-०८२।०३।१९] - पालिकाले उपभोक्ता समिति मार्फत भएको कार्यका लागि बिल भरपाई भुक्तानी दिन मिल्ने छ छैन यकिन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम रीत पुरा भए पश्चात् मात्र भुक्तानी दिनुपर्दछ। छोन्हुप जिन्जु आधारभुत विद्यालयको कम्पाउण्ड निर्माण उपभोक्ता समितिले पेस गरेको सार्वजनिक परीक्षण फारामको आम्दानी र खर्च विवरण तथा खरिद बिलको आधारमा २०० बोरा सिमेन्ट खरिद गरेको देखिन्छ। सो सिमेन्ट परिमाणबाट लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको जनाई खरिद गरेको भन्दा १२ बोरा बढी अर्थात् २१२ बोरा सिमेन्टको प्रति बोरा ढुवानी र मू.अ.कर समेत रु. १३६१.०० का दरले रु. १६,३३२.०० बढी भुक्तानी गरेकोले उपभोक्ता समितिले सिमेन्ट खरिद गरेको परिमाण भन्दा बढी परिमाणको रकम भुक्तानी गरेको देखिँदा यस सम्बन्धमा वास्तविकता यकिन गरी सम्बन्धित समितिबाट असुल गर्नुपर्ने रु.

कार्य विवरण	भुक्तानी दिएको परिमाण	दर	भुक्तानी दिनुपर्ने परिमाण	बढी भुक्तानी परिमाण	बढी भुक्तानी रकम
Rubble stone massonary work in 1:4 cement mortar per m^3 0.159MT [Rs. 27221 का दरले ६३.५८ घ.मी.]	२०२ बोरा सिमेन्ट	१३६१	२००	१२	१६३३२
Pcc 1:2:4 for foundation per m^3 0.320MT [Rs. 27221 का दरले १.५९ घ.मी.]	१० बोरा सिमेन्ट	१३६१			
जम्मा	**२१२**		**२००**	**१२**	**१६३३२**
				असुल गर्नुपर्ने	१६,३३२

४८ **वितरणमुखी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास आयोजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका आयोजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा पालिकाले हुकर आमा समूह भवनमा फर्निचर निर्माणको लागि भौचर नं. ७९-०८२।०३।१७ बाट रु. ३ लाख भुक्तानी गरेको देखिन्छ। यसबाट दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च भएको छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४९ **अन्य निकायको खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी कामका लागि सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी बजेट खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले सशस्त्र प्रहरी निरीक्षक क्वार्टर आउट पोष्ट - नेचुङ, मुस्ताङको लागि २५ एम.एम. पाइप खरिद बापत गो.भौ.नं. १६-०८१।०९।०९ बाट रु. ७८६४८.०० बिष्णुमाया सफ्लायर्सलाई भुक्तानी दिएको छ। छुट्टै संगठन संरचना तथा बजेट र कार्यक्रम अर्न्तगत सञ्चालनमा रहेको प्रहरी पोष्टको लागि पालिकाले खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५० **उपभोक्ता समितिको ज्याला भुक्तानीः**

५०.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्नु पर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। तसर्थ सार्वजनिक कोषको खर्च गर्दा मितव्ययिता, पारिदर्शिता र कार्यदक्षताको आधारमा खर्च गर्नुपर्ने हुन्छ। पालिकाले निम्नानुसार कार्य उपभोक्ता समिति मार्फत गराएकोमा ज्यामी ज्याला भुक्तानी भरपाई गराएको देखियो। आगामी दिनमा उपभोक्ता समिति गठन तथा आयोजना सम्झौताका बखत नै काम गर्ने ज्यामीहरुको विवरण र बैंक खाता नम्बर माग गरी ज्याला भुक्तानी बैंकिङ प्रणाली मार्फत गरी खर्चको विश्वसनियता र पारदर्शिता सुनिश्चित गर्नुपर्दछ।

५०.२ उपभोक्ता समितिलाई श्रमिक ज्याला बापत भएको भुक्तानीको विवरण यसप्रकार रहेको छ।

गो.भौ.नं. र मिति	आयोजनाको नाम	लागत अनुमान	उपभोक्ता अंश	पालिकाबाट भुक्तानी	ज्याला खर्च	कैफियत
७०-०८१।०३।१५	पुरानो समपुङ कुलो मर्मत उ.स.	२३९००८	३९००७	१९७६७३	२३६६८०	डोर हाजिरी र सोमा रकम बुझिलिएको भरपाई गराएको।
७७-०८१।०३।१७	दिब्यदीप पुरानो स्कुल फलामे पुल निर्माण उ.स.	७६१९३९	८९९३९	६७०१७६	३०१९२०	
८५-०८१।०३।१९	झिन्जु आधारभूत विद्यालय वाल निर्माण विद्यालय सँग सम्झौता	८७८२०७	११५००७	७६३२००	५४८२४०	टुक्रा पारी बजेट तयार तथा खर्च गरेको।
८६-०८१।०३।१९	झिन्जु आधारभूत विद्यालय भवन निर्माण विद्यालय सँग सम्झौता	७६२२०३	९०२०३	६७२०००	१०१३८४	
८९-०८१।०३।१९	दुराङ सिँचाई कुलो मर्मत उ.स.	२२८०१०	२४७०४	१७६९९०	२०१७६०	पूरै कामको ज्याला मात्र।
	जम्मा	२८६९३६७	३५८८६०	२४८००३९	१३८९९८४	

५१ **अफिस व्यागः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२५०,१५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

५२ **कुक तालिमः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५३ **वनभोजः**

[९३,१००-०८१।०७।०८] - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(११) बमोजिम सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोबार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानि नोक्सानी वा लापरबाही हुन नपाउने गरी उचित प्रबन्ध मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले कर्मचारी तथा पदाधिकारीहरुको वनभोजमा रु.

८६११९।०० खर्च गरेको देखियो। सेवा प्रवाहमा खर्च गर्नुपर्ने रकम वनभोज आयोजना गरी खर्च गर्ने कार्य अनियमित देखिएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	८६,११९

५४ **अनुगमन तथा भ्रमणः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ बमोजिम सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भए सम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम २३ मा झुठा विवरण पेश गरी दैनिक तथा भ्रमण खर्च भुक्तानी लिएमा दोब्बर रकम असूल गरिने व्यवस्था छ। कर्मचारी तथा पदाधिकारीहरुको अनुगमन भ्रमणमा रु. ३७ लाख ४३ हजार खर्च भएको छ। नगन्य आन्तरिक आय भएको र जाडो यामको ५ महिना अधिक चिसो भई सेवाग्राहीहरु अस्थायी रुपमा कास्की लगायतका स्थानमा बसाईंसराई गर्ने परम्परा रहेको अवस्थामा भ्रमण खर्चमा यस किसिमको अश्वाभाविक विनियोजन र खर्च उचित देखिएन। गाँउसभाले यस्तो खर्चको औचित्य पुष्टी गर्नुपर्दछ।

५५ **कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ताः**

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **२,०४९,३९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

५६ **चाडपर्व खर्चः**

निजामती सेवा ऐन, नियम तथा अन्य प्रचलित कानून बमोजिम कर्मचारीले आफ्नो मुख्य चाडपर्वमा एक महिनाको चाडपर्व खर्च पाउने व्यवस्था छ। नयाँ नियुक्ति भएका ५ जना कर्मचारीहरुले चैते दशैंमा चाडपर्व खर्च बापत रु. १३५८०४.०० भुक्तानी लिएको देखियो। निजहरुले सो बमोजिमको अभिलेख पेरोल प्रणाली र कर्मचारी व्यवस्थापन प्रणालीमा राखेको नदेखिएकोले दशैं, तिहार, लोसार जस्ता अन्य चाडपर्वमा पनि भुक्तानी लिन सक्ने अवस्था देखियो। तसर्थ चाडपर्व नदोहोरिने गरी शुरुमा छनौट गरिएको पर्वमा नै सेवा अवधि भर भुक्तानी हुने अभिलेख सुनिश्चित गरेर मात्र यस किसिमको खर्च भुक्तानी गर्नुपर्दछ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>खाता निष्क्रिय:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को बुँदा नंम्बर ३० (३) मा एक आर्थिक वर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची -१२ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले यकिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा अन्य कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको यकिन भएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको सामाजिक सुरक्षा भत्ता बापतको बाँकी सबै रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका सँग आर्थिक वर्ष २०८१।०८२ को बैँकले उपलब्ध गराएको निष्कृय खाताको विवरण माग गर्दा कार्यालयले माग नगरेको तथा बैँकले बिबरण उपलब्ध नगराएको जानकारी गराएको छ । तर आर्थिक वर्ष २०८०।०८१ सम्मको प्रभु बैँक, लोमन्थाङ शाखाले मिति २०८१।०८।०२ मा उपलब्ध गराएको विवरण अनुसार निम्नानुसार लाभग्राहीको बैँक खाता निष्क्रिय रहेको देखिएकोले उक्त खाताका लाभग्राहीका सम्बन्धमा पालिकाले यकिन गरी प्रमाण पेस हुनुपर्ने रु.
<table>
<tr><th>लाभग्राहीको नाम</th><th>खाता नम्बर</th><th>खाताको अवस्था</th><th>रकम</th></tr>
<tr><td>छेरिङ वाङ्गो गुरुङ</td><td>१५८०१२७१११५०००१०</td><td>निष्क्रिय</td><td>४२८७४</td></tr>
<tr><td>पेमा ल्हामो गुरुङ</td><td>१५८०१२८४०८५०००१०</td><td>निष्क्रिय</td><td>९०९५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>५१९६९</td></tr>
</table>
</td><td>५१,९६९</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : लोमन्थाङ गाउँपालिका, मुस्ताङ , लोमन्थाङ गाउँपालिका , मुस्ताङ

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	जीवन पौडेल	२०८०-११-३	२०८२-१०-२४
लेखा प्रमुख	उज्वल चपाई	२०७६-८-२७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,४६०,५९२	३,१८४,६९३	२३६,८१३	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४,८८२,०९८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	४,७७९,६४७
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	५१,९६९
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१५४,४२०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८४४३६२८८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१६१०३३९५४.७	चालु खर्च	१२४२७२३३४.५९
प्रदेश सरकारबाट अनुदान	१४७७२०००	पूँजीगत खर्च	८९९०४१८६.७४
राजश्व बाँडफाँट	४५६०७८६८.५३	वित्तीय/अन्य व्यवस्था	३८३४२८६४.४२
आन्तरिक आय	१८७४८२२.१५		
अन्य आय	१८८४६०१८.५९		
कुल आय	२४२१३४६६३.९७	कुल खर्च	२५२५१९३८५.७५
बाँकी मौज्दात		७४०५११५६६.२२	

अनुसूची - २

बेरूजु दफा ८ सँग सम्बन्धित विवरण - अनुसूची - ३

लोमन्थाङ गाउँपालिका, मुस्ताङ

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) २०८१।०८२ म.ले.प.फा. नं. - २७०

आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	४,६३,२०,८२१.०२	४,६३,२०,८२१.०२	३,९६,७५,७२२.५०	३,९६,७५,७२२.५०
१३०००	अनुदान	१३,८१,७४,२२१.२४	१३,८१,७४,२२१.२४	१४,८८,०५,७३९.०७	१४,८८,०५,७३९.०७
१४०००	अन्य राजस्व	७,९८,२३१.०२	७,९८,२३१.०२	१२,६१,१४७.२७	१२,६१,१४७.२७
१५०००	विविध प्राप्ति	३,६३,६३८.६४	३,६३,६३८.६४	१,३१,८६१.५०	१,३१,८६१.५०
क	**कुल जम्मा प्राप्ति**	१८,५६,५६,९११.९२	१८,५६,५६,९११.९२	१८,९८,७४,४७०.३४	१८,९८,७४,४७०.३४
३	चालु	१०,१३,१४,००६.८९	१०,१३,१४,००६.८९	८,७४,६३,३५८.१४	८,७४,६३,३५८.१४
२१०००	पारिश्रमिक / सुविधा	५,४५,३४,८७९.८१	५,४५,३४,८७९.८१	४,४७,७५,६५३.७४	४,४७,७५,६५३.७४
२२०००	मालसामान तथा सेवाको उपयोग	४,१६,०२,६३४.५६	४,१६,०२,६३४.५६	३,६२,८७,८४७.५५	३,६२,८७,८४७.५५
२५०००	सहायता (Subsidy)	०	०	४,१८,५००.००	४,१८,५००.००
२७०००	सामाजिक सुरक्षा	३९,१९,७५९.५२	३९,१९,७५९.५२	४७,४६,७९१.८५	४७,४६,७९१.८५
२८०००	अन्य खर्च	१२,५६,७३३.००	१२,५६,७३३.००	१२,३४,५६५.००	१२,३४,५६५.००
४	पूंजीगत	९,८७,१३,११९.७४	९,८७,१३,११९.७४	९,१२,४१,६९०.२१	९,१२,४१,६९०.२१

३१११०	भवन तथा संरचना	१,९५,९२,६०३.३९	१,९५,९२,६०३.३९	०	०
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	५०,४४,१६०.१२	५०,४४,१६०.१२	२३,४०,७१४.००	२३,४०,७१४.००
३११३०	अन्य पूँजीगत खर्च	४१,२३,४५७.९२	४१,२३,४५७.९२	२६,६३,२१०.००	२६,६३,२१०.००
३११५०	सार्वजनिक निर्माण	६,८८,७०,०८३.३१	६,८८,७०,०८३.३१	८,५२,६५,८२६.२१	८,५२,६५,८२६.२१
३११६०	निर्मित संरचनाको सुधार खर्च	१,५०,०००.००	१,५०,०००.००	०	०
३११७०	पूँजीगत सुधार खर्च	९,३२,८१५.००	९,३२,८१५.००	९,७१,९४०.००	९,७१,९४०.००
ख)	**कुल जम्मा भुक्तानी**	२०,००,२७,१२६.६३	२०,००,२७,१२६.६३	१७,८७,०५,०४८.३५	१७,८७,०५,०४८.३५
ग)	**बचत /कमी (ग = क-ख)**	(१,४३,७०,२१४.७१)	(१,४३,७०,२१४.७१)	१,११,६९,४२१.९९	१,११,६९,४२१.९९
घ)	**घरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	३९,८५,४९२.९३	३९,८५,४९२.९३	१२,०२,९०७.६१	१२,०२,९०७.६१
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी**				
ङ)	**यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	(१,०३,८४,७२१.७८)	(१,०३,८४,७२१.७८)	१,२३,७२,३२९.६०	१,२३,७२,३२९.६०
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	८,४४,३६,२८८.००	८,४४,३६,२८८.००	७,२०,६३,९५८.४०	७,२०,६३,९५८.४०
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**				
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	७,४०,५१,५६६.२२	७,४०,५१,५६६.२२	८,४४,३६,२८८.००	८,४४,३६,२८८.००

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ।

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको सम्बन्धित मार्गदर्शनमा तोकिए बमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानून बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूह बारे कानूनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष लाभ पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौता बमोजिमको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप गर्ने कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधि भित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम हुने गरी शिक्षकहरूको दरबन्दी समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएको देखिएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फछ्र्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फछ्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानून तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फछ्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फछ्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगत रूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रमका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह प्रणाली तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अद्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई सोही ऐनको दफा ७७(३) मा उल्लेख भए बमोजिम आन्तरिक लेखापरीक्षणको प्रतिवेदनले औँल्याएका कैफियत उपर अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।